# आन्तरिक मामिला तथा कानून मन्त्रालयको बार्षिक कार्यसम्पादन विवरण

नेपालको संविधान, २०७२ को धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना- तीन तहमा रहेको छ । राज्य शक्तिको प्रयोग सम्बन्धित तहले संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था रहेको छ । प्रदेश नं. ४ अन्तरगत ११ जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका रहेका छन् । तीन तहबीचको सम्बन्ध धारा २३२ अनुसार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको ।

संघियता कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारले प्रत्येक प्रदेशमा ७ वटा मन्त्रालय स्थापना गरेको छ । यस प्रदेशमा २०७४ साल माघ १८ गतेदेखि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कार्यारम्भ गरी फाल्गुन ४ गतेदेखि माननीय मन्त्रीज्यूले पदवहाली गर्नु भएको छ । यस मन्त्रालयलाई संचालन गर्न सचिव सहित २३ जना कर्मचारीको व्यवस्था गरिएको ।नेपाल सरकारले यस मन्त्रालयलाई विभिन्न ४१ वटा बुँदासहितको कार्यजिम्मेवारी तोकेको छ ।

## प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ अनुसार मन्त्रालयका मुख्य कार्यक्षेत्र

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्य ।
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
- संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
- संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय
- प्रदेशसभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी
- सामुदायिक प्रहरी
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन

- प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय
- गुनासो र विवाद व्यवस्थापन
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
- निवारक नजरबन्द र स्थानहद सम्बन्धी
- अन्तरप्रदेश सम्बन्ध
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान
- स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उपाधि,सम्मान तथा विभूषणको सिफारिस
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन
- साइवर सुरक्षा अनुगमन
- छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण

- श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन

## नीति तथा कार्यक्रम तथा कार्ययोजना २०७४।०७५

| क.स. | नीति तथा कार्यक्रम | कार्ययोजना | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बैशाख | | जेष्ठ | | असार | |
| | | पहिलो पाक्षिक | दोश्रो पाक्षिक | पहिलो पाक्षिक | दोश्रो पाक्षिक | पहिलो पाक्षिक | दोश्रो पाक्षिक |
| १ | सुचना प्रविधी पार्कको निमार्ण र संचालन लागि अध्ययन | | √ | √ | | | |
| २ | प्रदेश सरकार गठन भएको दिनलाई प्रदेश दिवसको रुपमा मनाइने | | | | | | |
| ३ | प्रदेश राजधानी शहर पोखरामा आधुनिक विजय स्मारकको निमार्ण थालिने | | | | | | |
| ४ | प्रदेश सरकारका सूचना, सांस्कृतिक विकास र मनोरञ्जनको लागि प्रदेश सरकारको टेलिभिजन प्रसारण र रेडियो सेवाका लागि सम्भाव्यता अध्ययन | | | √ | √ | √ | |
| ५ | प्रदेश विपद कोष स्थापना गरी विपद व्यवस्थापन सम्वन्धी जोखीम क्षेत्र निर्धारण, नक्सांकन, अध्ययन, अनुसन्धान गदै स्थानीय विपद कोषलाई सहयोग गर्ने | | √ | √ | √ | √ | √ |
| ६ | विपद सम्वन्धी अग्रीम सूचना प्रवाह गर्न सूचना प्रविधिको प्रयोग सम्वन्धी अध्ययन तथा अनुसन्धान | √ | √ | √ | √ | √ | √ |
| ७ | प्रदेश सुरक्षा व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन आवश्यक कानून निर्माण | | | | | √ | √ |
| ८ | प्रदेश सरकारको कार्यसुचीमा यस आर्थिक बर्षलाई कानून तर्जुमा र प्रादेशिक संरचना स्थापना वर्ष र आगामी आर्थिक बर्षलाई प्रादेशिक संरचना निर्माण बर्ष को रुपमा कार्यान्वयन | √ | √ | √ | √ | √ | √ |
| ९ | नागरिकलाई सार्वजनिक महत्वका सूचना उपलब्ध गराउन सूचनाको हकलाई पुर्ण रुपमा प्रचलनमा ल्याउने | √ | √ | √ | √ | √ | √ |

## मन्त्रालयबाट सम्पादित कार्यहरु:

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट तर्जुमा सहमति प्रदान गरिएका विधेयकहरु :

- प्रदेश सार्वजनिक खरिद सम्वन्धी विधेयक
- प्रादेशिक सहकारी सम्वन्धी विधेयक
- प्रादेशिक कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी विधेयक
- बन्यजन्तु उद्धार केन्द्र सम्वन्धी विधेयक
- बर पिपल तथा चौतारो संरक्षण सम्वन्धी विधेयक
- प्राणी उद्यान चिडियाखाना सम्वन्धी विधेयक
- वातावरण संरक्षण सम्वन्धी विधेयक
- प्रादेशिक सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन) सम्वन्धी विधेयक
- प्रादेशिक विश्वविद्यालय सम्वन्धी विधेयक

२. प्रदेश सभामा विचाराधिन विधेयकहरु

- **प्रादेशिक दुग्ध विकास बोर्ड गठन सम्वन्धी विधेयक**
- **प्रदेश वित्त व्यवस्थापन ऐन २०७५**

३. मस्यौदामा सहमती प्रदान गरिएका बिधेयकहरु:

- प्रदेश आकस्मीक कोष संचालन सम्वन्धी विधेयक
- प्रदेश सार्वजनिक खरिद सम्वन्धी विधेयक
- स्थानिय तहका कानून निर्माण प्रकिया सम्वन्धी विधेयक
- मुख्य न्यायधिवक्ताको काम कर्तव्य अधिकार र सेवा शर्त सम्वन्धी विधेयक
- प्रादेशिक सहकारी सम्वन्धी विधेयक
- प्रादेशिक दुग्ध विकास वोर्ड गठन सम्वन्धी विधेयक
- प्रादेशिक कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी विधेयक
- **कर तथा गैह्रकर राजश्व सम्बन्धी विधेयक**
- वन्यजन्तु उद्दार केन्द्र सम्बन्धी विधेयक
- बर पिपल तथा चौतारो संरक्षण सम्बन्धी विधेयक
- प्राणी उद्यान (चिडियाखाना) सम्बन्धी विधेयक
- वातावरण संरक्षण सम्बन्धी विधेयक
- प्रादेशिक सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) सम्बन्धी विधेयक
- प्रादेशिक विश्वविद्यालय सम्बन्धी विधेयक
- प्रादेशिक खोप सम्बन्धी विधेयक
- प्रदेश सभा सचिवालय सम्वन्धी विधेयक

३. राजपत्र प्रकाशनको भएको :

- प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण कार्यविधि ऐन २०७४
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७४
- मुख्यमन्त्रि तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन २०७४
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन २०७४
- आर्थिक कार्यविधि ऐन २०७४

४. मन्त्रालयको web site निर्माण भएको (www.moial.gandaki.gov.np)

५. सूचना अधिकारी (सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ६ बमोजिम) तथा प्रवक्ता (सुशासन ऐन २०६४ को दफा ३५ बमोजिम) तोकिएको ।

६. प्रवक्ता सूचना अधिकारी पत्रकार भेटघाट कार्यक्रम मासिक रुपमा गर्ने गरिएको ।

७. सुशासन( व्ययवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा २९ को व्यवस्था अनुसार शासकीय सुधार इकाई गठन गरिएको ।

८. सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था अनुसार खरिद इकाई गठन गरिएको । खरिद योजना बनाई योजना अनुसार सामाग्री खरिद गर्ने गरिएको ।

९. आगामी आ.ब. २०७५।०७६ को नीति तथा कार्यकम, बजेट स्वीकृत, भै आगामी कार्यान्वयको चरणमा रहेको ।

१०. प्रदेश सरकारको १०० दिने प्रगति सार्वजनिकिकरण कार्यकम भएको ।

११. लागु औषध प्रयोगकर्ताहरुका लागि प्रदेशस्तरीय उपचार तथा पुन: स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ को मस्यौदा तयारी भई सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया गरिएको ।

१२. आ.व. २०७४/०७५ देखी आ.व. २०७७/०७८ सम्मको MTEF तयार गरिएको

१३. प्रदेश सुरक्षा समन्वय समिति गठन भै आवश्यकता अनुसार बैठक बस्ने गरेको ।

१४ संचार नीति को मस्यौदा तयार भै सरोकारवालाहरु सँग छलफल समेत भई स्वीकृतिका लागि म.प.मा प्रस्ताव गरिएको ।

१५. टेलिभिजनको प्रदेश स्तरिय प्रसारण केन्द्र स्थापनाको लागि पत्राचार भएको ।

१६. विपद् सम्बन्धी खोज, उद्दार तथा राहत मापदण्ड, २०७५ तयार गरी स्वीकृत भई लागु भएको ।

१७. प्रदेश विपद व्यवस्थापन समिति गठन भई आवश्यकता अनुसार बैठक बसेको ।

१८. विपद व्यवस्थापन कार्यकारी समिति गठन भएको ।

१९. प्रादेशिक विपद व्यवस्थापन कोष खडा गरिएको । ( २ करोड ) जसमा कास्की लाई ४ लाख, तनहुँलाई २ लाख र अन्य ९ जिल्लालाई १।१ लाखका दरले पठाइएको ।

२०. विपद पूर्व सूचना प्रणाली सम्वन्धमा सरोकारवालाहरु सहितको बैठक बसी छलफल अन्तरक्रिया भएको ।

२१. पूर्व स्थापित बब्लर सेन्सीङ्ग मेशीनहरु साथै राडरहरु सुधार तथा मर्मत संभारका लागि सम्वन्धीत ठाउँमा पत्राचार गरिएको ।

२२. गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन केन्द्र, बाट प्राप्त ११ प्रकारका राहत तथा उद्धार सामग्री प्राप्त भएका र लमजुङ र म्याग्दीबाट माग भए बमोजिम केहि सामाग्री उपलव्ध गराइएको ।

२३. प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीति र पोखरा लेखनाथ महानगर भित्रको Land Sensitivity एवं Land Use Plan तयार गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय र पो.ले.म.न.पा.लाई पत्राचार गरिएको ।

२४. गण्डकी प्रदेशमा रहेका स्थानीय तह का न्यायिक समितिका संयोजकहरुलाई २ दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको ।

२५. विधुतिय हाजिरीको शुरुवात गरिएको ।

२६. गण्डकी राजपत्र मोवाइल एप निर्माण गरिएको ।

२७ आ.व. २०७५।०७६ को बार्षिक बजेट कार्यान्वयन कार्ययोजना, बस्तु/निर्माण कार्यको खरिद योजना, परामर्श सेवा खरिद योजना तयार गरिएको ।

२८. प्रदेश सूचना प्रविधि पार्क निमार्णका लागि पूर्व सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार

भएको ।

२९. विपद पूर्वसूचना प्रणाली सम्वन्धी अध्ययन भई प्रतिवेदन तयार भएको ।

३०. ट्राफिक व्यवस्थापन र CCTV जडान सम्वन्धमा सरोकारवालाहरुसँग बैठक बसी छलफल अन्तरक्रिया भएको ।

३१. प्रवक्ता, सूचना अधिकारी, पत्रकार भेटघाट कार्यक्रम मासिक रुपमा नियमित गर्ने गरिएको ।

## बजेट खर्च

७०४३३३११३ चालु

| शिर्षक नम्वर | बजेट खर्च शिर्षक | बार्षिक विनियोजित रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ५७५०००० | १८१२९२२।९० | ३९३७०७७।१० |
| २११२१ | पोशाक | १७५००० | ६००००।०० | ११५०००।०० |
| २११३२ | महँगी भत्ता | १२०००० | ५२४८३।०० | ६७५१७।०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १००००० | १०००००।०० | ०।०० |
| २१२१३ | अन्य भत्ता | ५००००० | २७६५००।०० | २२३५००।०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २०००० | ०।०० | २००००।०० |
| २२१११ | पानी तथा बिजुली | ४००००० | ५९३०९।०० | ३४०६९१।०० |
| २२११२ | सचार महसूल | ४००००० | १७७१९६।०० | २२२८०४।०० |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ५००००० | २५१०८६।०० | २४८९१४।०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ६००००० | ५४७६६२।०० | ५२३३८।०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | १५०००० | ०।०० | १५००००।०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १००००० | १०००००।०० | ०।०० |
| २२२३१ | निर्मित सार्जनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ८५०००० | ०।०० | ८५००००।०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १९३०००० | १९३००००।०० | ०।०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १५०००० | १५००००।०० | ०।०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २००००० | १२४८००।०० | ७५२००।०० |
| २२३१५ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ४५०००० | १८४४३९।०० | २६५५६१।०० |
| २२३१९ | अन्य कार्यालय सन्चालन खर्च | ० | ०।०० | ०।०० |



सचिव

| | | | | |
|---|---|---|---|---|
| २२४११ | सेवा र परामर्श खर्च | ३००००० | ०।०० | ३०००००।०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सचालन खर्च | ३००००० | ०।०० | ३०००००।०० |
| २२४१३ | करार सेवा शुल्क | ८५०००० | ४०६४००।०० | ४४३६००।०० |
| २२४१९ | अन्य सेवा शुल्क | २००००० | १४१०००।०० | ५९०००।०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ३००००० | १५८०००।०० | १४२०००।०० |
| २२५१२ | सीप विकास तथा जनचेता तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १५००००० | ८३०३१०।०० | ६६९६९०।०० |
| २२५२२ | कार्यक्रम खर्च | ४४००००० | १६९४६७४।०० | २७०५३२६।०० |
| २२६११ | अनगमन मूल्याकन खर्च | १५००००० | ४५१५४५।०० | १०४८४५५।०० |
| २२६१२ | भ्रमण खर्च | ५००००० | २०३८००।०० | २९६२००।०० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १०००००० | ३५००००।०० | ६५००००।०० |
| २२७११ | विविध खर्च | ६००००० | २७७४०२।०० | ३२२५९८।०० |
| २२१४२ | घरभाडा | ० | ०।०० | ०।०० |
| २८९११ | भैपरी आउने चालु खर्च | १०००००००० | १००००००००।०० | ०।०० |
| जम्मा | | ३३८४५००० | २०३३९५२८।९० | १३५०५४७१।१० |

सचिव

७०११०४४ पूँजीगत खर्च

| शिर्षक नम्वर | बजे खर्च शिर्षक | बार्षिक विनियोजित रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| ३१११२ | भवन निर्माण | ७५०००० | ५७५४३८ | १७४५६२ |
| ३१११३ | निर्मित भवनको सरचनात्मक सुधार खर्च | २५००००० | ११७४५६० | १३२५४४० |
| ३१११५ | फर्निचर तथा फिक्चर | २५००००० | २४९७४५८ | २५४२ |
| ३११२१ | सवारी साधन | १०००००० | ९८७२०० | १२८०० |
| ३११२२ | मेशीनरी तथा औजार | २५००००० | २५००००० | ० |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवम् अन्य बौद्धिक सम्पत्ति प्राप्ति खर्च | ३००००० | ३००००० | ० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | १६५०००० | ११४६३६९ | ५०३६३१ |
| ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३००००० | ० | ३००००० |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | १२००००० | ५७७१०० | ६२२९०० |
| ३१५११ | भैपरी आउने पूजीगत | ० | ० | ० |
| जम्मा | | १२७००००० | ९७५८१२५ | २९४१८७५ |

## उपसंहार

संघिय प्रणालीको नयाँ अभ्यास हामीकहाँ पहिलो पटक प्रारम्भ भएको हो । २०७४।०७५ को दोश्रो चौमासिकको अन्त्यबाट शुरु भएको प्रदेश सरकार को यो नयाँ अभ्यासको सुरुवाती चरणमा कार्यालय व्यवस्थापन प्रमुख प्राथमिकतामा रह्यो । अभ्यास र अनुभवको कमीका बीच छोटो अवधिमा आ.व.को बाँकी अवधिको नीति तथा कार्यक्रम र बजेट निर्माण गरी बैधानिकता दिने चुनौतीपूर्ण कार्यसँगै सोही नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका सिलसिलामा सम्पादित कार्यहरु निश्चय पनि ऐतिहासिक महत्वका रहेका छन् । विविध अन्यौल र कठिनाईका बाबजुत यो प्रगति आगामी दिनको सिकाई र पृष्ठपोषण बन्ने छ ।

सचिव